मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २६ गते शनिवार (Saturday, 8 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित दुई जना पक्राउ

**दमक, चैत २५।** दमक नगरपालिका-४ वेतिनी टोल बस्ने ४८ वर्षीया गायत्रा गौतमलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ ग्राम ५ सय ३० मिलिग्राम र नगद ३ लाख ३६ हजार ४ सय रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो।

(बाँकी अन्तिम पृष्ठमा)

## ६९ जिल्लामा फैलियो डेंगु




**काठमाडौँ, जेठ २५ ।** देशका ६९ वटा जिल्लाबाट एक हजारभन्दा बढीमा डेंगु सङ्क्रमण पुष्टि भएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण केन्द्र अन्तर्गतका किटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालले सन् २०२४ यता ६९ जिल्लाबाट एक हजार १०५ जनामा डेंगु पुष्टि भएको जानकारी दिए।

डेंगु सङ्क्रमण सबैभन्दा बढी बागमती र कोशी प्रदेशमा पुष्टि भएको छ। बागमतीमा ३८९, कोशी मा २६४ जनामा संक्रमण पुष्टि भएको हो। त्यसैगरी, मधेश२९, गण्डकी १७०, लुम्बिनी १२९ कर्णाली १५ र सुदूरपश्चिम प्रदेशमा ११३ जनामा डेंगु पुष्टि भएको डा. दाहालले जानकारी दिए।

जिल्ला अन्तर्गत काठमाडौँ र झापामा सबैभन्दा बढी डेंगु पुष्टि भएको छ। काठमाडौँमा ११२, झापामा १०९ जनामा डेंगु पुष्टि भएको हो। त्यसैगरी, चितवनमा ७३, मकवानपुरमा ५८, सिन्धुपाल्चोकमा ४४, तनहुँमा ३९, ओखलढुङ्गामा ३८, रुपन्देहीमा २८, डोटीमा ३० र भक्तपुरमा २७ जनामा डेंगु पुष्टि भएको छ। गत वर्ष ५२ हजार ७९० जनामा डेंगु पुष्टि भएको थियो।

लामखुट्टेको टोकाइबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाउने, धूप बाल्ने, मलम लगाउन डा. दाहालको सुझाव छ। उनी भन्छन् -लामखुट्टे नियन्त्रण गर्न लामखुट्टेले फुल पार्न सक्ने सम्भावित घर, विद्यालय, कार्यालय वरपरका पानी जम्ने सबै ठाउँ सफा गर्ने, पानी राख्ने भाँडाहरु बेलाबेलामा सफा गर्ने र लामखुट्टेको फुल नष्ट गर्ने।

## नेपाल–बङ्गलादेश व्यापार घाटामा

**भद्रपुर जेठ २५।** नेपालले आर्थिक वर्ष २०५४/०५५ देखि सिधा व्यापार शुरु गरेको दक्षिण एसियाली मुलुक बङ्गलादेशसँग व्यापार घाटा बढ्दो क्रममा छ । कुनै समय रु. पाँच अर्बभन्दा बढीको मालसामान बङ्गलादेश निर्यात गरेको नेपाल अहिले केही करोडमै सीमित हुन पुगेको छ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय काँकरभिट्टाका निमित्त प्रमुख सुवास पाण्डेयका अनुसार नेपाल–बङ्गलादेशबीचको व्यापार पछिल्लो एक दशकयता निरन्तर खुम्चिँदो अवस्थामा छ।




आव २०७०/०७१ सम्ममा द्विपक्षीय व्यापारमा आयात कम र निर्यात बढी हुने गरेकामा हाल निर्यातको अवस्था झरेको उनले बताए।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलले चालू आवको वैशाख मसान्तसम्म बङ्गलादेश निर्यात रु. २३ करोड ७४ लाख ३९ हजार हुँदा आयात रु. तीन अर्ब १७ करोड ९९ लाखभन्दा बढी भएको छ। उनका अनुसार आव २०७८/०७९ मा नेपालले बङ्गलादेशबाट पछिल्लो दशककै सबैभन्दा बढी आयात गरेको थियो। त्यस वर्ष आयात रु. ११ अर्बभन्दा बढी हुँदा निर्यात भने रु. ६३ करोडमै सीमित हुन पुगेको थियो।

गोदाम व्यवस्था कम्पनीको तथ्याङ्कअनुसार द्विपक्षीय व्यापारको पछिल्लो २६ वर्षमा १० वर्ष नेपालबाट हुने निर्यात बङ्गलादेशबाट हुने आयातको तुलनामा बढी देखिन्छ। आव २०७१/०७२ देखि नेपालबाट निर्यात कम र बङ्गलादेशबाट आयात निरन्तर बढिरहेको छ।

हाल दाल, जडीबुटी, मोलासिस, खाद्यपदार्थ, पशु आहाराका लागि कच्चापदार्थ, खयरकत्था, रङ्गरोगनका पदार्थ मुख्य निर्यात हुने वस्तुहरु हुन् भने जुट, भटमासको पिना, एलोपेथिक औषधि, लिड–एसिड ब्याट्री, कपडा, फलफूलका जुस, ग्लास सिट, बिस्कुट तथा चकलेटलगायतका मालवस्तु बढी आयात हुनेमा पर्छन्।

भन्सार एजेन्ट नवीन दाहालका अनुसार नेपालबाट निर्यात हुने वस्तुमा बङ्गलादेशले भन्सार महसुल धेरै लगाएको र उताबाट यहाँ आयात हुने वस्तुमा ज्यादै न्यून भन्सार महसुल दर छ। भन्सार महसुल कम गर्न सकेमा बङ्गलादेशमा उच्च माग रहेका तरकारीजन्य वस्तु र अन्य कृषि उत्पादन नेपाली व्यवसायीहरूले निर्यात गर्न सक्ने उनले बताए।

बङ्गलादेशमा अदुवा, अलैंची, अम्लिसो तथा जडीबुटी निर्यातको सम्भावना धेरै छ। नेपाल सरकारले यी वस्तुको निर्यातमा अनुदानको व्यवस्था गरी प्रोत्साहन दिन सकेमा निर्यात बढ्ने व्यावसायीहरुको भनाइ छ। बङ्गलादेशले भारतबाट निकासी हुने कतिपय उस्तै वस्तु नेपालबाट निर्यात गर्दा बढी भन्सार महसुल लिने गरेकाले निर्यात घटेको भन्सार एजेन्ट दाहालले बताए। द्विपक्षीय व्यापारमा यीलगायत अन्य समस्या समाधान गर्न सकेमा बङ्गलादेशमा निर्यात बढाउन सक्ने उनको भनाइ छ।

नेपाल-बङ्गलादेश द्विपक्षीय व्यापार सम्झौतामा सुधार गरी निकासी गर्ने नयाँ मालवस्तु पहिचान गर्न सकेमा निर्यात बढ्ने नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय काँकरभिट्टाका निमित्त प्रमुख पाण्डेय बताउँछन्। बङ्गलादेशमा उच्च माग रहेका वस्तु पहिचान गरी नेपालबाट निकासी गर्न सकेमा धेरै लाभ उठाउन सकिन्छ- उनले भने।

नेपालको पूर्वी नाका काँकरभिट्टाबाट भारत पश्चिम बङ्गालको फूलबारी, बङ्गलादेशको उत्तरी नाका बङ्गलाबन्ध हुँदै जान्छ। शुरुआतमा यो रुटबाट नेपाल–बङ्गलादेशबीच मात्रै व्यापार हुने गरेकामा पछिल्लो समय भारत र भुटानले समेत बङ्गलादेशसँग व्यापार गरिरहेको फूलबारी भन्सारका 'सुपरिटेन्डेन्ट' सञ्जीव कुमार बताउँछन्।

बङ्गलाबन्ध नाका प्रयोग गरी भुटानले दैनिक औसतमा १५० बढी टिप्पर ढुङ्गा गिट्टी बङ्गलादेश निर्यात गरी आर्थिक लाभ लिइरहेको फूलबारी भन्सारका 'सुपरिटेन्डेन्ट' कुमारले बताए। भारतले पनि ढुङ्गा गिट्टीलगायत अन्य मालवस्तु यही नाकाबाट बङ्गलादेश निर्यात गरिरहेको छ- उनले भने।

## ५० शय्याको अस्पतालमा छैन एक्स- रे



**झापा, जेठ २५ ।** कोशी प्रदेश सरकारको मातहतमा कमल गाउँपालिकास्थित लखनपुरमा करिव २ बर्ष अघिदेखि प्रादेशिक आयुर्वेद अस्पताल सञ्चालनमा छ।

पायल्स, फिस्टुला र फिसर जस्ता रोगको क्षारसूत्र बिधिबाट शल्यक्रिया गरिँदै आएको आयुर्वेद अस्पतालमा दैनिक ५० देखि ७० जना बिरामी आउने गरेका अस्पतालका सूचना अधिकारी अविकेशर सिग्देलले जानकारी दिए। उक्त आयुर्वेद अस्पतामा कोशी प्रदेशका १४ वटै जिल्लाबाट बिरामी आउने गरेका छन्। ५० शैयाको उक्त अस्पतालमा सामान्य एक्स-रे नभएका कारण बिमा सञ्चालन गर्न नसकेको सूचना अधिकारी सिग्देलको भनाइ छ।

बिभिन्न दाताहरुले २ बिगाहा एकधुर जग्गा अस्पतालका लागि प्रदान गरेपछि संघीय सरकारले भौतिक संरचना निर्माण गरेको अस्पताल कोशी प्रदेश सरकार अन्तरगत स्वास्थ्य मन्त्रालयको मातहतमा सञ्चालनमा छ। १९ जनाको दरबन्दी रहेको अस्पतालमा केही कर्मचारीको संख्या बढाउन सके अन्य सेवासँगै छिटो र छरितो तरिकाले सेवा दिन सकिने सूचना अधिकारी सिग्देलले बताए।

अस्पतालमा ओपिडी सेवा, क्षारसूत्रबाट शल्यक्रिया, पञ्चकर्म सेवा, भीडीयो एक्सरे, ल्याव सेवा, निःशुल्क औषधि बितरणलगायतका सेवा दिइँदै आएको बताइएको छ।

यता कोशी प्रदेश स्वास्थ्य मन्त्रालयको मातहतमा रहेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आयुर्वेद विधिबाट गरिने

(बाँकी अन्तिम पृष्ठमा)

## सार्वजनिक खरिद ऐन विपरीत सामग्री खरिद

**झापा, जेठ २६।** कचनकवल गाउँपालिकाले सार्वजनिक खरिद ऐन विपरीत मसलन्द तथा कार्यालय सामग्री आफूखुशी खरिद गर्ने गरेको पाइएको छ।

सामान्य र कार्यालय सामग्रीको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता राख्ने सम्बन्धी मार्गदर्शन, २०७७ मा प्रदेश सरकार र स्थानीय तहहरु, सबै पदाधिकारीहरू र कर्मचारीहरूले समेत मार्गदर्शन बमोजिम मितव्ययी र प्रभावकारी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। तर, कचनकवलले आर्थिक वर्ष ०७९/०८० मा सामान्य र कार्यालय सामग्री खर्च शीर्षकमा १९ लाख १ हजार ७५१ रुपैयाँ खर्च गरेको छ। कार्यालयलाई वर्षभरि आवश्यक पर्ने सामान एकमुस्ट विवरण बनाई सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा पटक पटक बजारबाट खरिद गरी खर्च लेखेको महालेखा परीक्षक कार्यालयको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ।




सामानको आवश्यकता र परिमाण निश्चित गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कारबाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन आवश्यक छ। पटक-पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानूनको पालना गर्दै खरिदलाई तीव्र र प्रतिस्पर्धी बनाउनुपर्ने प्रतिवेदनमा भनिएको छ।

## पोखरीमा डुबेर युवतीको मृत्यु

**बिर्तामोड, जेठ २५।** इलामको चुलाचुली गाउँपालिका -४ मा रहेको ऐना पोखरीमा डुवेर स्थानीय १८ बर्षीया बिनीता जोगीको मृत्यु भएको छ।

विहीवार अपरान्ह स्थानीय मनबहादुर जोगीकी छोरी बिनीता, बिष्णु लिम्बूको छोरी १८ की रोजिना साम्बा लिम्बू र उनकै बहिनी १७ वर्षकी रोशा साम्बा लिम्बू ऐना पोखरीको डिलमा बसेर पोखरीको पानी खेलाउदै गरेको अवस्थामा रोजिना पोखरीको डिलबाट

(बाँकी अन्तिम पृष्ठमा)

## जग्गाको अद्यावधिक गर्न निर्देशन

**काठमाडौँ, जेठ २५।** सार्वजनिक लेखा समितिले सीमाङ्कन, नक्साङ्कन तथा अभिलेखीकरणका लागि आपसी समन्वय तथा आवश्यकताका आधारमा देशभरी पुनः नापी गर्न निर्देश गरेको छ।

समितिले यस कार्यका लागि सूचना प्रविधिको प्रयोग गर्न र तथ्य तथ्याङ्कमा शुद्धता कायम गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएको समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिए।

समितिको शुक्रवार बैठकले सार्वजनिक, सरकारी, सामुदायिक र गुठी जग्गाको सीमाङ्कनसहितको नक्साङ्कन अभिलेखीकरण अद्यावधिक गर्नसमेत निर्देशन दिएको हो।

बैठकले नयाँ नापीका लागि तीन तहका सरकार मात्रै नभएर मालपोत, नापी कार्यालय तथा स्थानीय प्रशासनबीच समेत समन्वयको आवश्यकता औँल्याएको छ। समितिले जग्गाको अभिलेखीकरण, प्रयोग र संरक्षणमा तीनै तह र सम्बद्ध निकायकाबीच नीतिगत तथा समन्वयगत स्पष्टता कार्यान्वयन गर्न र गराउन सरकारलाई निर्देशन दिएको हो।

यसैगरी सार्वजनिक, सरकारी, गुठी सामुदायिक जग्गासम्बन्धी पुराना अभिलेखलाई संरक्षण गर्ने कार्यका लागि निर्देशन दिएको छ। समितिले सार्वजनिक तथा सरकारी जमिनलाई कुनै पनि कारण दुरुपयोग, अतिक्रमण, कब्जा तथा दुरुपयोग गर्नेलाई यथाशीघ्र कारबाही गर्नसमेत मन्त्रालयलाई निर्देशन दिएको छ।

निश्चित प्रयोजनका लागि उपयोग गर्न सरकारले उपलब्ध गराएका सार्वजनिक तथा सरकारी जग्गाको उद्देश्यभन्दा फरक काममा प्रयोग गर्ने,

(बाँकी अन्तिम पृष्ठमा)

## प्रतिबन्ध खोल्न आग्रह गर्दै टिकटकले पठायो सातौं पत्र

**बिर्तामोड, जेठ २५।** चिनियाँ सामाजिक सञ्जाल टिकटककले नेपालमा उक्त एपमाथि लगाइएको प्रतिबन्ध खोल्न आग्रह गर्दै नेपाल सरकारलाई सातौँ पत्र पठाएको अधिकारीहरूले बताएका छन्।

टिकटकको सार्वजनिक नीति र सरकारसँगको सम्बन्ध हेर्ने दक्षिण एशिया प्रमुख फिरदौस मोत्तकिनले मे १७ मा पठाएको पछिल्लो पत्र प्रधानमन्त्री पुष्पकमल दाहाललाई सम्बोधन गरेर पत्र लेखेका छन्।

सरकारले -सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याउन भूमिका खेलेको भन्दै गत नोभेम्बर दोस्रो साता नेपालमा उक्त एपमाथि प्रतिबन्ध लगाएको थियो । नेपालमा प्रतिबन्ध लागेपछि टिकटकको माउ कम्पनी बाइटड्यान्सले सरकारलाई प्रतिबन्ध खोल्न अनुरोध गर्दै आएको छ।

टिकटकले पठाएको पछिल्लो पत्रको बोधार्थ नेपाल दूरसञ्चार प्राधिकरण र सञ्चार मन्त्रालयमा पनि पठाइएको छ। तर प्रतिबन्ध खोल्न नेपालले प्रस्ताव गरेका केही शर्तहरू कार्यान्वयनको सुनिश्चितता दिलाउन नसकेका कारण टिकटकको अनुरोध तत्काल स्वीकार गर्न नसकिने अधिकारीहरूले बताएका छन्।



नेपाल सरकारले राखेका शर्तहरू पालना गर्ने प्रतिबद्धता जनाएको भए पनि त्यसको व्यावहारिक कार्यान्वयनबारे ठोस जबाफ दिन नसकेका कारण प्रतिबन्ध खोल्ने प्रक्रिया अघि नबढेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए।

हाम्रा केही चासोहरू छन्। सामाजिक सद्भाव बिथोल्ने, सार्वभौमसत्तासँग जोडिएका, सामाजिक सुरक्षासँग जोडिएका, कानूनविपरीतका गतिविधि बारेका चासोहरूलाई व्यावहारिक रूपमा कसरी सम्बोधन हुन्छ भनेर नेपाल सरकारले सुनिश्चित गर्न चाहेको छ,- आचार्यले भने।

**पछिल्लो पत्रमा टिकटकको गुनासो**

टिकटकले पठाएको पछिल्लो पत्रमा छ पटक पत्र पठाउँदा समेत नेपालले जबाफ नदिएको गुनासो गरिएको छ । हाम्रो प्रतिबद्धता र नेपालमा टिकटकमाथिको प्रतिबद्धता खुलाउन गरिएको बारम्बारको अनुरोधका बावजुद हामीले नेपालबाट कुनै प्रतिक्रिया पाएका छैनौं-पत्रको विवरणमा भनिएको छ।

महामहिमज्यू, विगत आठ महिनामा हामीले बजारबारे हाम्रो प्रतिबद्धता जनाउँदै छ वटा पत्रहरू पठाएका छौँ। नेपाल सरकारसँग मिलेर काम गर्ने प्रतिबद्धताका बावजुद समाधान खोज्ने हाम्रो प्रस्तावलाई बेवास्ता गरिनु दुःखद छ- टिकटकले आफ्नो पत्रमा भनेको छ।

टिकटकले आफ्नो एपमाथि लागेको प्रतिबन्ध खोल्न नेपालीहरूबाटै हरेक दिन भइरहेका मागबारे पनि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ।

टिकटकले आफ्नो एपमाथि लागेको प्रतिबन्धका कारण यसको प्रयोगबाट आर्जन गरिरहेका नेपालीहरूको जीविकामा परेको असर र सरकारको राजश्वमा पुगेको क्षतिबारे पनि पुनर्विचार गर्न प्रधानमन्त्रीलाई भनेको छ।

**नेपालले किन प्रतिबन्ध खुलाएन ?**

यसअघि नेपालको राष्ट्रिय झण्डा जलाइरहेका भीडीओहरू हटाउन पटकपटक ताकेता गर्दा पनि टिकटकले समयमै नहटाएको गुनासो नेपाली

(बाँकी अन्तिम पृष्ठमा)

## बाह्रदशी जेसीजद्वारा १७ जना विद्यार्थीको अभिभावकत्व ग्रहण



**बिर्तामोड, जेठ २५।** बाह्रदशी गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत १७ जना विद्यार्थीलाई बाह्रदशी जेसीजले अभिभावकत्व ग्रहण गरेको छ।

जेसीजको दिगो विकास कार्यक्रम अन्तरगत बिद्यार्थीको सम्पूर्ण खर्च ब्यहोर्ने गरी जेसीजले यस वर्ष उनीहरुको अभिभावकत्व ग्रहण गरेको हो। योसँगै बिद्यार्थीलाई विद्यालय पोशाकसहित आवश्यक पर्ने सामग्री, जुत्तामोजा समेत प्रदान गरेको छ।

विद्यार्थीलाई वर्षभरि पुग्ने कपी, पेन्सिल,डटपेन सहितका शैक्षिक सामग्रीसँगै स्कूल ब्याग समेत प्रदान गरिएको छ। गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँई, उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेल, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौला लगायतको सहभागितामा गाउँपालिकामा आयोजित कार्यक्रमकाबीच १६ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ती विद्यार्थीको अभिभावकत्व ग्रहण गरेको हो।

जेसीज अध्यक्ष खगेन्द्र सुवेदीको अध्यक्षता र गाउँपालिका अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

# कर्मचारीलाई जनसेवामा लाग्न आग्रह



**बिर्तामोड २५ जेठ ।** नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले सेवा निवृत्त कर्मचारीलाई समाजसेवामा लाग्न र कार्यरत कर्मचारीलाई जनताको सेवामा लाग्न आग्रह गरेका छन् ।

स्थानीय तह कर्मचारी युनियन बिर्तामोड इकाईद्वारा शुक्रवार आयोजित सेवा निवृत्त कर्मचारी दिनेश आचार्यको बिदाई तथा अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सचिव हुमागाँईले कसैको दवाबमा नपरी जनताको काम गर्न कर्मचारीलाई आग्रह गरे ।

युनियनका अध्यक्ष राजिव बिष्टको सभापतित्वमा भएको सो कार्यक्रममा बिर्तामोड नगर सभापति भोजराज सिटौला, सेवा निवृत्त कर्मचारी दिनेश आचार्य, १० नम्बर वडा अध्यक्ष दुर्योधन गुरुङ लगायतले बोलेका थिए ।

राम बिष्टले सञ्चालन गरेको सो कार्यक्रममा वसन्त ढकालले स्वागत गरेका थिए ।

## ५० ...

सबै सेवा दिँदै आएको छ । झापाको भद्रपुर -१० मा रहेको केन्द्रले बिरामी परीक्षण तथा परामर्श सेवा, निःशुल्क औषधि वितरण, पायल्स र फिस्टुलाको क्षारसूत्र बिधिबाट उपचार दिँदै आएको छ ।

त्यस्तै पञ्चकर्म चिकित्सा, सहायक कर्म, पिचु, पूर्वकर्महरु फिजियोथेरापी सेवा, प्राकृतिक चिकित्सा सेवा, प्याथोलोजी सेवा र सशुल्क फार्मेसी सेवा दिँदै आएको छ । केन्द्रमा बाथ, ग्याष्ट्रिक, दम, रुघाखोकी, प्यारालाइसिस पायल्स, फिस्टुला, फिसर जस्ता रोगको पनि क्षारसूत्र विधिबाट उपचार साथै अप्रेशन गरिने केन्द्रका डा.अनिलकुमार यादवले जानकारी दिए । केन्द्रमा दैनिक ३० देखि ५० जना बिरामीहरु आउने गरेको उनले बताए ।

केन्द्रको मातहतमा झापाका ६ वटा स्थानीय तहमा नागरिक आरोग्य सेवा दिँदै आएको डा. यादबले बताए । कचनकवल, बिर्तामोड, कनकाई, हल्दीबारी, दमक र गौरीगञ्जमा नसर्ने रोग नियन्त्रण तथा रोकथामका लागि जनचेतनामूलक कार्यक्रम गर्न आरोग्य सेवा दिँदै आएको डा. यादवले बताए । आरोग्य सेवा अन्तरगत टोल, समुदाय, गाउँ, वडा र नगरमा मानिसको दिनचर्या र खानपिनका बारेमा सूचित गराउँदै सामान्य जाँच गरेर निःशुल्क औषधिसमेत वितरण गरिने गरेको छ ।

आर्थिक बर्ष २०८०/०८१ का लागि कोशी प्रदेश सरकारमार्फत ६३ लाख ८४ हजार रकम आएको डा. यादबले बताए । 'धैरै जसो बिरामी अन्य अस्पतालमा उपचार गराएर पार नलागेपछि मात्र आयुर्वेद अस्पताल आउँछन् । डा. यादवले भने -भएको पैसा अन्य अस्पतालहरुमा सकिएपछि मात्र आयुर्वेद अस्पताल सम्झिन्छन् । त्यतिबेलासम्म रोग पनि भयावह अवस्थामा पुगेको हुने र सामान्य उपचारले ठीक नहुने उनले बताए ।

## जग्गा ...

अनधिकृतरूपमा कब्जा गराउने, व्यक्तिगत सम्पत्तिका रूपमा दर्ता गराउने काम हुँदै आएको विषयप्रति समितिको गम्भीर ध्यानार्कषण भएको बैठकको ठहर छ । जग्गा अतिक्रमण गर्न भूमि विचौलियाले गर्ने चलखेल तथा यस्ता कार्यमा हुने गैरकानूनी लगानी र संरक्षणलाई निराकरण गर्नु पनि अनिवार्य रहेको समितिको भनाइ छ ।

बैठकले भूमिसँग छरिएर रहेका कानूनलाई एकीकृत गरी सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई कडा सजायको व्यवस्था गर्न, जग्गासम्बन्धी सम्पूर्ण विवरणको अभिलेख एकीकृतरूपमा राख्ने प्रणाली विकास गर्न मन्त्रालयलाई सुझाव दिएको छ ।

सरकारी जगगा लिजमा दिने सम्बन्धी खुकुलो नीतिगत व्यवस्थालाई पुनरावलोकन गर्न र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनका सुझावको कार्यान्वयन प्रगति विवरण उपलब्ध गराउन समितिले निर्देशन दिएको छ । सार्वजनिक 'जमिनको अभिलेखीकरण, प्रयोग तथा संरक्षण'का सन्दर्भमा जानकारी लिन बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, सचिव गोर्कणमणि दवाडी र नापी विभागका महानिर्देशकहरुलाई उपस्थित थिए ।

उनीहरुले सार्वजनिक, सरकारी, गुठी, सामुदायिक, विर्ता एवम् निजी जग्गाको आधारभूत वर्गीकरणलगायतका विषयमा जानकारी दिए । त्यसअवसरमा सचिव दवाडीले उल्लेखित जग्गगामध्ये मुलुकभर नौ लाख ४४ हजार छ सय ७६ कित्ता सरकारी र ६५ हजार आठ सय ४७ कित्ता सार्वजनिक जग्गा रहेको समितिलाई जानकारी गराएका थिए ।

## बाह्रदशी ...

चम्लागाँईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

गाउँपालिकाभित्र रहेका एउटा सामुदायिक विद्यालयबाट एक जना विद्यार्थीलाई छनोट गर्दै जेसीजले अभिभावकत्व ग्रहण गरेको हो । विपन्न समुदायका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन र उनीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न बाह्रदशी जेसीजले गत बर्षबाट यो कार्यक्रम सञ्चालन गरेको हो । सोही कार्यक्रमलाई निरन्तरता दिँदै कार्यक्रम सञ्चालन गरिएको जेसीजका अध्यक्ष सुवेदीले बताए ।

जेसीजले अभिभावकत्व ग्रहण गरेका विद्यार्थीको सबै खर्च अब जेसीज पदाधिकारीले ब्यहोर्ने छन् । जेसीजमा आवद्ध प्रत्येक ब्यक्तिले एक जना विद्यार्थीको सबै खर्च ब्यहोर्ने बताइएको छ । बाह्रदशी जेसीजका उपाध्यक्ष राजु अधिकारीले आस्था बाचन गरेको कार्यक्रममा प्रमुख अतिथि चम्लागाँई, उपाध्यक्ष खरेल, प्रमुख प्रशासकीय अधिकृत निरौला, शिक्षा शाखाका निमित्त प्रमुख योगराज पौडेल, पशुपति माध्यमिक विद्यालयका प्रधानाध्यापक थीरकुमार दाहाल, घोडामारा आधारभूत विद्यालयका प्रधानाध्यापक कमल चम्लागाँई लगायतले बोलेका थिए ।

बाह्रदशी जेसीजका पूर्व अध्यक्ष लक्ष्मीप्रसाद उप्रेतीले उद्देश्यमाथि प्रकाश पारेको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष नवीनकुमार त्रितालले स्वागत गरेका थिए । कार्यकारिणी उपाध्यक्ष सदीक्षा खड्काको संयोजकत्वमा कार्यक्रम गरिएको थियो । कार्यक्रमको सञ्चालन महासचिव सञ्जय साहले गरेका थिए ।

गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत् गरिब तथा जेहेन्दार बालबालिकालाई अभिभावकत्व ग्रहण गर्दै कक्षा १२ सम्म अध्ययन गर्दा लाग्ने सम्पूर्ण खर्च ब्यहोर्ने गरी बाह्रदशी जेसीजले दीगो विकास कार्यक्रम अन्तरगत गत वर्षबाट यो कार्यक्रम सञ्चालन गरेको हो ।

## प्रतिबन्ध ....

अधिकारीहरूले गर्दै आएका छन् । सरकारले टिकटकमा लाइभ गर्ने फिचर पनि नेपालमा हटाउने सुनिश्चितता खोजेको अधिकारीहरूको दाबी छ ।

हामी सकारात्मक नै छौँ, तर व्यावहारिक सुनिश्चितता कसरी हुन्छ भनेर राखिएको चासोमा उनीहरूको ठोस जबाफ आएको छैन-प्रधानमन्त्रीका सल्लाहकार आचार्यले भने ।

नेपालले टिकटकलाई लिखित जबाफ नदिए पनि टिकटकका प्रतिनिधिसँगको भेटमा आफ्ना चासो र शर्तहरू स्पष्ट रूपमा राखेको आचार्यले बताए । टिकटकका सार्वजनिक नीति तथा सरकारी सम्बन्ध मामिला प्रमुख मोत्तकिन गत डिसेम्बरमा काठमाण्डौं आएका थिए । उनीहरूका प्रतिनिधिहरूले पटकपटक गरेको भेटमा हामीले आफ्ना कुरा राखेका छौँ,- आचार्यले भने । नेपालले टिकटकका प्रतिनिधिसँग सरोकारवाला निकायसहित सामुहिक छलफल गर्न प्रस्ताव गरे पनि उनीहरूले चासो नदिएको अधिकारीहरूको दाबी छ ।

नेपालमा प्रधानमन्त्रीको कार्यालय, प्रहरीको साइबर ब्यूरो, सञ्चार मन्त्रालय, दूरसञ्चार प्राधिकरणसहितका निकायले टिकटक प्रतिबन्धबारे छलफल गर्दै आएका छन् । टिकटकमाथिको प्रतिबन्ध फुकुवा हुने सम्भावना छ ? भन्ने जिज्ञासामा आचार्यले भने-अरू सामाजिक सञ्जाल खुला छन् भने टिकटकसँग मात्रै केही छैन । खुला हुन सक्छ तर नेपालको कानूनविपरीतका सवाल सम्बोधन हुने व्यवहारिक सुनिश्चितता हुनासाथ प्रक्रिया अघि बढ्छ ।

**विदेशी लगानी र प्रजातन्त्रबारे प्रश्न**

आफ्नो पत्रमा टिकटकले नेपालमा यस्तो एपमाथि प्रतिबन्ध लाग्दा विदेशी लगानीको वातावरणमा समेत प्रभाव पर्न सक्नेप्रति सरकारलाई सचेत गराएको छ ।

टिकटकमाथिको निरन्तर प्रतिबन्धले विश्वभरिका लगानीकर्ताहरूमा नकारात्मक सन्देश गइरहेको छ - टिकटकले भनेको छ । टिकटकको पत्रमा प्रजातान्त्रिक र प्रगतिशील राष्ट्रको रूपमा चिनिएको र अभिव्यक्ति स्वतन्त्रता र उदार नीतिको लामो इतिहास भएको नेपालले टिकटकमा प्रतिबन्ध लगाउँदा देशको छविमा असर पर्ने भनिएको छ ।

सञ्चार मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरले प्रतिबन्धको निर्णय मन्त्रिपरिषद्बाटै भएका कारण प्रतिबन्ध खुलाउनेबारे मन्त्रालयमा छलफल नभएको बताए । टिकटकमाथिको प्रतिबन्ध खारेज गर्न सर्वोच्च अदालतमा दायर गरिएका कैयौँ मुद्दा अझै पनि विचाराधीन छन्। अदालतले प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयन नगर्न माग गरिएका मुद्दामा अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो। अभिव्यक्ति स्वतन्त्रताको पक्षमा पैरवी गर्ने कतिपयले नेपालमा टिकटकमाथि लगाइएको प्रतिबन्धको विरोध गर्ने गरेको पाइन्छ ।

सरकारले सामाजिक सञ्जालको नियमनसम्बन्धी कानूनको मस्यौदा बनाइरहेको भनिए पनि त्यस्तो कानून बन्ने प्रक्रियाले उल्लेख्य गति लिन नसकेको अधिकारीहरूले बताएका छन् ।

## पोखरीमा ...

चिप्लिएर पोखरीमा खस्न लाग्दा उनलाई हातमा समाती निकाल्ने क्रममा बिनीता हुत्तिएर पोखरीमा डुबेर मृत्यु भएको सूचनाको आधारमा प्रहरी चौकी पेल्टीमारीबाट टोली पुगेको थियो ।

उनलाई पोखरीबाट मृत अवस्थामा निकालिएको प्रहरीले जनाएको छ। घटना सम्वन्धमा जिल्ला प्रहरी कार्यालय इलामबाट अनुसन्धान भइरहेको छ ।

## लागूऔषध ...

उता सुनसरीको धरान उपमहानगरपालिका-१७ लोकप्रिय मार्गबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १ हजार २ सय क्याप्सुल र अवैध लागूऔषध ब्राउनसुगर १२ ग्रामसहित सोही ठाउँ बस्ने ३७ वर्षीय भुपाल न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवम् फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घर बाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## महत्वपूर्ण कागजात हराएको सूचना

मिति २०८१ बैशाख २० गते झापा मेचीनगरको धुलावारीबाट खुट्टीडाँगी जाने क्रममा मेरो निम्न विवरण भएको state of Qatar Residency permit हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नामः सुमन किसान (Suman Kishan)
ID NO: 29952407903
Passport NO: 09956426
Serial No: 30429952407903
Mob No: 9706290056
ठेगानाः मेचीनगर-९, झापा



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज सूचना

यस कार्यालयमा २०७४।०४।०५ मा दर्ता भएको प्रा.लि.नं. १७१२०९ को इनोभेटिभ सर्भिस नेपाल प्रा लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०।०८।२७ मा दर्ता भएको ल्याण्डमार्क सवटल म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि.नं.३२५१२६) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय

## आन्तरिक राजश्व कार्यालय झापाको राय /सहमति सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०८०/०८/२७ मा संस्थापना भएको ल्याण्डमार्क सवटल म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि.नं. ३२५१२६ र PAN No. ६१९८२६१७०) नामक कम्पनीको दर्ता खारेज गर्ने सम्वन्धमा अनलाइनमार्फत निवेदन प्राप्त भएको हुँदा कम्पनी दर्ता पश्चात सो कम्पनीले कुनै कारोवार गरे/नगरेको तथा कर दायित्व तिर्न बुझाउन बाँकी रहे/नरहेको समेत खुलाई उक्त कम्पनीको दर्ता खारेज गर्ने सम्बन्धमा तहाँको राय / प्रतिक्रियाका लागि मिति २०८१/०२/२५ को निर्देशानुसार अनुरोध गरिन्छ ।

भीमप्रसाद पराजुली
सहायक रजिष्टार



## KIEC ROAD SHOW

युके, क्यानडा, युरोप, न्युजील्यान्ड, अस्ट्रेलिया, अमेरिका जान चाहने विद्यार्थीले विश्वका चर्चित २० भन्दा बढी विश्व विद्यालयका प्रतिनिधिहरु सँग व्यक्तिगत रुपमा प्रत्यक्ष साक्षात्कार गर्न पाउनु हुनेछ ।

मिति : जेठ २७ गते आइतबार
जुन ९ तारिक आइतबार
समय : दिउँसो ११ बजेदेखि ३ बजेसम्म
स्थान : के.आ.इ.सी को कार्यालय
मुक्तिचोक थापा मार्केट विर्तामोड
सहभागी भई मौकाको फाइदा उठाउनु होला ।



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/२६

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

यस संस्थासँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन यो १५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिन भित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृयाका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्रसं | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | खड्ग बहादुरश्रेष्ठ | बुद्धशान्ति ३ | पदम नारायण श्रेष्ठ | अगम बहादुर श्रेष्ठ | लिलावती श्रेष्ठ | बुधबारे | लिलावती श्रेष्ठ | लेख नारायण श्रेष्ठ |
| २ | सरण कुमार योङहाङ | मेचीनगर १३ | लक्ष्मी प्रसाद योङहाङ | दिल बहादुर योङहाङ | शान्तामाया सुब्बा | चारआली | सन्जीव कुमार योङहाङ, सरण कुमार योङहाङ्ग | लक्ष्मी प्रसाद योङहाङ |
| ३ | कृष्ण बहादुर कार्की | मेचीनगर १३ | बासुदेव कार्की | तुलाराम कार्की | संगिता निरौला | चारआली | कृष्ण बहादुर कार्की | बासुदेव कार्की |
| ४ | सुशिला बिमली सुबेदी | मेचीनगर १४ | सूर्य प्रकाश विमली | गोबिन्द प्रसाद बिमली | अर्जुन सुबेदी | चारआली | नरमाया सुबेदी | नर प्रसाद ओली |
| ५ | टेक बहादुर लिम्बु योङहाङ | बुद्धशान्ति ३ | काजीमान लिम्बु | मकरध्वज लिम्बु | कालीमाया लिम्बु | चारआली | टेक बहादुर लिम्बु योङहाङ | काजीमान लिम्बु |
| ६ | संजित कुमार मेचे | मेचीनगर १२ | बहादुर सिंह मेचे | धर्म सिंह मेचे | सम्झना मेचे | चारआली | पूर्नी मेचे | बहादुर मेचे |
| ७ | धनु सुब्बा | मेचीनगर १३ | धिल बहादु लिम्बु | बम प्रसाद लिम्बु | अमरनाथ न्यौपाने | चारआली | धनु सुब्बा | धिल बहादु लिम्बु |
| ८ | रिता उराउ राई | मेचीनगर १४ | देबेन्द्र उराउ | बुद्धि राम उराउ | सञ्जय राई | चारआली | सञ्जय राई | मेघ बहादुर राई |
| ९ | कृष्ण थापा | मेचीनगर १४ | धनमान थापा | कर्ण बहादुर थापा | दुर्गादेबी थापा | चारआली | कृष्ण थापा | धनमान थापा |
| १० | मन्जिल श्रेष्ठ | मेचीनगर १ | जित बहादुर श्रेष्ठ | अबिनारायण श्रेष्ठ | मानकुमारी प्रधान | ईंटाभट्टा | मन्जिल श्रेष्ठ, मानकुमारी श्रेष्ठ | जित बहादुर श्रेष्ठ, सन बहादुर प्रधान |
| ११ | याम बहादुर बुढाथोकी | मेचीनगर ५ | दल प्रसाद बुढाथोकी | पारस बुढाथोकी | हर्कमाया बुढाथोकी | ईंटाभट्टा | याम बहादुर बुढाथोकी | दल प्रसाद बुढाथोकी |
| १२ | दल बहादुर सार्की | मेचीनगर ८ | लाल बहादुर सार्की | पदम सिंह सार्की | कबिता खनाल सार्की | ईंटाभट्टा | कबिता खनाल सार्की, दल बहादुर सार्की | फडिन्द्र खनाल, लाल बहादुर सार्की |
| १३ | बबिता लामा धिमाल | मेचीनगर ८ | ज्ञान लाल धिमाल | नैन लाल धिमाल | गर्ब धिमाल | ईंटाभट्टा | गर्ब धिमाल | रुजी धिमाल |
| १४ | पदममाया गिरी | मेचीनगर ८ | मित्र लाल गिरी | - | तारा नाथ गिरी | ईंटाभट्टा | पदम माया गिरी | मित्र लाल गिरी |
| १५ | भेषराज दाहाल | मेचीनगर ७ | श्याम दाहाल | बेद निधि दाहाल | झरना कटवाल | ईंटाभट्टा | झरना कटवाल | भुपेन्द्र कटवाल |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
क्षेत्रीय उपसमिति, मेची क्षेत्र


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता

# आतंक



**राजेश ढुंगाना**

केही दिन
कतै कोही मरेन
कहीँ कसैले
कसैलाई मारेन
शान्त थियो
र,
म प्रतिद्वन्द्वीविहीन
एक्लो दौडमा थिएँ
निर्विकल्प विजेता म
सबै सिद्धिएर
आफ्नो मात्र एकछत्र शासनको
कोमल आसनमाथि
गजधम्म बसेर
अरू सबैलाई आफूभन्दा
पुड्का र होचा
देख्न थालेँ

एक दिन
एकाबिहानै कसैले
मेरो ढोका
ढकढक ढक्ढक्यायो
चुकुल खोलेर हेर्दा
उही आतंक पो मुस्कुराइरहेछ
जसलाई म
अर्काको बिरूद्ध काम लगाउँथेँ


म उसलाई
भित्र पस्ने निम्तो दिँदै
दिनभरि सत्कार गर्दै बसेँ
उसले
मेरा प्रतिद्वन्दीहरु समाप्तिको
एक-एक कथा
नबिराइ-नबिसाइ सुनाउँदै गयो

साँझपख मैले
जब उसलाई आजको दिनको
अन्तिम सत्कार गर्न
केही बाँकी छ कि ?
सोधेको मात्र के थिएँ
उसले मलाई नै पो
झम्टेर आक्रमण गर्‍यो
मेरो प्रतिद्वन्द्वीको आदेशमा


आतंक
उसको भएन
मेरो आदेशमा
र मेरो पनि रहेन
उसको हुकुममा.. ।

संस्मरण

# चुली डाँडा



**गोसा झापाली**



एकाबिहानै मिर्मिरे उज्यालो नखस्दै चुली डाँडामा पहेँलो घामका किरणहरु देखा पर्छन् । पातला बुकीफूलका बुट्टाहरू मन्द-मन्द चलेको हावाले दाहिने-देब्रे नाचिरहेका छन् । छपक्क भुइँमा ओच्छ्याएको कार्पेट जस्तो दुबोमा शीतका दानाहरू चम्केर हिराको झझल्को दिँदैछन् । तल सानो खोल्से चेपमा माइला गुरुङको सानो कटेरो धुँवाइरहेको छ । उसले पालेका पाँच थान भेडाहरू भ्या...भ्या... गर्दै मास्तिर उक्लदै चर्ने दाउमा छन् । ती भेडाहरू कहिले मोटा र राम्रा भ्याप्प परेका अनि कहिलेकाहीँ भने लुते कुकुर जस्तै सुहाउँदै नसुहाउने देखिन्छन् । ऊन कत्लेपछि तिनीहरूको यस्तो अवस्था हुँदो रहेछन् । ठूली भेडीले पाठा जन्माएपछि बथान पनि बड्दै गएका रहेछन् ।

अलि तलसम्म परेको टारबारीमा झक्रिनी आमैको घर, ढुंगाको गाह्रो लगाएको, बाहिरबाट हेर्दा दुई तले तर भित्र एकै तले । उनको बारीमा सेती मकै असारमै पाक्थ्यो । हामी स्कूल जाने सबैभन्दा छोटो बाटो पनि उनकै आंगनबाट पर्थ्यो । बोलीमा गाली र व्यवहारमा ममता भएकी झंक्रिनी आमै । 'काठाका सन्तानहरूलाई हान दाउराले' भनेर हप्काउँदै सेती मकैका दुई चार घोगा हातमा राखिदिने गर्थिन् । उनको देहावसान हुँदा गाउँका धेरै मान्छेहरू रोए । उनीहरु रोएको देखेर म पनि अलि अलि रोएँ । अब सेती मकै कसले देला भन्ने पिर पनि परेको थियो ।

बोजो घाँस उम्रिएको हुँदा त्यो खोल्साको नाम पनि बोजे खोल्सा रहन गएको होला । तल खानी खोला छेउबाट सिद्धीमा मिसिएको बोजे खोल्साको कापै काप एक डफ्फा कलकलेको बथान बेस्सरी हल्ला गर्दै पानीभित्र पौडदै गरेका माछाका भूराहरू ज्युनार गर्दै उकालो चड्दैछन् । बाँसको भ्यांग नाघेर दुदिलो, आरू, आरूबखडा, खनिउँ, हाडे, गोगन, मलातो, भक्कीअमिलो, हुदै माथि टिम्मुरको रुखनेरी आईपुग्दा सबै कलकलेका बथान एक पटक झलक्क देखा पर्छन् ।

चुली डाँडाबाट सिँधै धागो टाँग्नु हो भने अन्तु पुग्न बेरै लाग्दैन । कुखुराको चल्लालाई पोथीको आंखा छलेर चिलले यहि बाटो पारी पुर्याउँथ्यो। हुरहुरेमा बेस्सरी लागेको हुरी बतासले घोडाको पीठमा बाँधेको तिर्पाल उडाएर सिद्धी पारी चक्रपाणी पोखरेलको आँगनमा फ्यात्त खसालेको दृश्यहरु आँखैमा अल्झिरहेका छन् । अन्तुको डाँडैडाँडा लहरै उभिएका गोब्रे सल्लाका रुखहरु ठाडेश्वर महादेव जस्ता देखिन्छन् । कसो-कसो कोल्टे परेर हेर्दा तिनीहरू नाचेका हुन् कि जस्तो पनि लाग्छ । तिनीहरूकै बीचबाट अहिले भर्खरै सूर्यदेव देखापरेका छन् । उनको दर्शन धेरैबेर भने गर्न नपाइएला जस्तो छ । आकाशमा भेडाका ऊन जस्ता सेता सेता बादलहरु लहरै तन्किएर सूर्यलाई छोप्न तम्सिँदै छन् ।

पशुपतिनगरदेखि अलिक माथिबाट आफ्नो अस्तित्व कायम राख्न सफल भएको सिद्धी खोलाले धेरै लामो तपस्या गरिसकेको छ । उसको सुसाईबाट कता-कता वैराग्य उत्पन्न भएको भान हुन्छ । ठूला-ठूला काला-काला ढुंगाहरुमा ठोकिँदै बजारिँदै उसले चुलीडाँडा र अन्तुको धेरै दुरी कायम गरिसकेको छ । अन्तु, चुलीडाँडा र पारीपट्टिको आइतबारेका डाँडाहरु बिरीङ्ग र सिद्धीले बनाएका हुन् भनेर बुडाबुडीहरु कुरा गर्थे ।

राणाकाल समाप्तिपछि चुलीडाँडाका दिनहरू पनि सप्रिए । उसको अगाडि तल गोगने पट्टीको समथर भुइँमा साना-साना नानीहरू भेला हुन थालेँ । मित्रलाल र खडगप्रसादले आफ्नै हातले ठोकेर च्यादरको छाना भएको स्कूल बनाए । रित्ता घोडाहरू मधेसतिर दौडिन थाले । भारी बोकेकाहरु सकी-नसकी मरितरी फिक्कल पुग्थे । पहाडको सामान मधेशमा र मधेशको सामान पहाडमा पुऱ्याउने धेरै घोडाहरूले यतैतिर आफ्नो इहलीला समाप्त पारे ।

पिउनेपानीसम्मको व्यवस्था नभएको चुलीडाँडाका नागीहरु मौन साँधेर यस्ता दृश्य हेरिरहन्थे । गौचरनको रुपमा बर्षौं बर्ष यो नागी यसरी नै आफ्नो उमेर घटाउँदै बसिरह्यो । शनिश्चरे, बुधबारे हुँदै उकालो लागेका घोडेटाहरु पहिरोले कति पटक ताछिए, त्यसको लेखाजोखा छैन । सन्तवीर लामाले पहिलो पटक यो घोडेटोलाई मोटरेवल बनाएर आफू बडा हाकिम भएर दार्जिलिङबाट मगाएका विलिस जीपहरु चडेर इलाम र झापामा दौडाहा चलाए । चुलीडाँडाले यो सबै भोगेको कुरा हो ।

हिउँदे महिनामा जतिसुकै फूर्ति देखाए पनि बर्खाको भेल र बाढीले मोटरेवल बाटोको अस्तित्व नै समाप्त पार्थ्यो । हिउँदभरि रमाएर हाँसेको बाटो बर्षादको भेलले बगाएर चिनोबानो नै नरहने गरी चिप्लिएर सीद्धी र बिरिङमै पुग्थ्यो । यसको रोकथाम र मर्मतका लागि सम्बन्धित निकायले चासो लगाएपछि सर्भेहरु हुन थालेँ । हुँदाहुँदै चुलीडाँडाको आसपास चियाका बिरुवाहरु हुर्कन थाले । गाउँका बासिन्दाहरुले राम्रै रोजगारी पाए । अम्रिसो, अदुवा, आलु, ओलन, अलैंची, र अकवरेहरुको पनि भाउ बढ्न थाल्यो ।

सम्बृद्धिको शिखरमा पुग्नलाई यहाँका बासिन्दाहरुले फेदैबाट प्रयत्न गरे । मोटरेबल बाटोमा कालोपत्रे ओच्छ्याइयो । चियाले उत्पादन दिन थालेपछि प्रशोधनको लागि प्रक्रिया शुरु गरियो । क्वार्टरहरु निर्माण गरिए, फ्याक्ट्रीको उद्घाटन भयो । चारैतिर मेसिन र गाडीघोडाका आवाजहरु गुञ्जन थाले । प्रथम पटक चुलीडाँडा मुनि बिजुली बलेर झलमल्ल उज्यालो पार्दा कता-कता दार्जिलिङको सम्झना आयो । फिक्कलबाट पशुपति नगर हुंदै दार्जिलिङ जोडिएपछि चुलीडाँडाको इज्जत नै बडेर गयो ।

चुलीडाँडालाई अचेल लभ डाँडाभन्दा रहेछन् । कन्याम चीया बगानको वरपर बनेको आकर्षक बाटामा पर्यटकहरु आकर्षण गर्न ठूलै रकम खर्च भइसकेको रहेछ । सूर्योदय नगरपालिका स्थापना भएपछि यस क्षेत्रको कायापलट भएको थाहा लाग्छ । वनभोज गर्नेहरुको ठूलै लर्को लाग्दोरहेछ । घोडा नचडेकाहरुलाई नौलो अनुभव गराउन घोडा व्यवसायीहरु उत्साहित भएको देखियो । यहाँको प्रमुख आयस्रोत चीयापत्ती भएता पनि दूधबाट बनेको छुर्पी प्रख्यात वस्तुभन्दा फरक नपर्ने रहेछ । चर्को घाम लागे पनि शितल हावाको स्पर्शले आनन्द प्राप्त हुँदो रहेछ ।


यति हुँदाहुँदै पनि तत्कालका बुकीफूलका सुगन्धहरु, चिण्डे टाउका जस्ता देखिने थुम्कीहरु, लोखर्के र खरायोहरुका म्याराथन दौड, स्कूल जाँदा ओडेका घूमहरु, घाँसको भारी, घीऊ दलेको कोदाको बाक्लो रोटी, सिंदुरी गाईको मगमग बास्ना आउने दूध, क्यामुना, अम्बके, कटूस, किम्बु, मेहेल, गरण्डेल (लहरे आँप) बनतरुल, ऐसेलू, काफल, वेल, भक्कीअमिलो र घुर्पिस पाउन कठिन भएको रहेछ ।

त्यहाँका बासिन्दाहरूमा ढांडे, पाखिन, देउजा, खोलाघारी कामी, निरोल्नी आमै, लम्सालनी दिदी, कान्छ्यामा, दमयन्ती दिदी, अडिमर्दन खवास, भक्तबहादुर, रेग्मी बा, टेक प्रसाद, बिर्खबहादुर, तुलाराम, मातृका, डाँडाघरे, गैरिघरे, पाटने, तुम्लिंगे, पाखे, फर्से, झक्रिनी आमै, शिवलाल, मित्रलाल, खड्गप्रसाद, जेठा अधिकारी, कान्छा गोतामे र शुभाखरहरु कोही पनि भेटिएनन् । मित्रलालले हर्खटेमा खोलेको दूधको डेरी पनि त्यहाँ छैन रहेछ । कामी पोखरी सुकि सकेछ । डाँडाको लडन आँटेको ढुंगा भने जस्ताकोतस्तै रहेछ । पर ओरालोमा रहेको भैसी पौडिने पालटांगे आहाल पनि बाटो बनाउँदा पुरिएछ ।

पुराना धेरै कुराहरू समयको चपेटामा परिसकेछन् । फगत भेटियो त्यही स्कूल, जसलाई मित्रलालले 'श्री कृष्णाश्रम' नामाकरन गरेर बिजारोपन गरेका थिए । त्यहि शैक्षिक क्षेत्रलाई शिक्षा प्रेमीहरुले अग्रिमपक्तिमा उभ्याउन सकेका रहेछन् । श्री मित्रलाल र श्री खड्गप्रसादहरुलाई बारबार नमन छ, अटुट सम्झना छ । बाल्यकालमा दौड्दै-दौड्दै टुप्पोमा पुगेको चुलीडाँडामा आज म सिँढी र रेलिङको सहायताले मात्र चढ्न सकेँ । धन्य छ चुलीडाँडा, धन्य छ कन्याम चिया बगान अनि धन्य छ सूर्योदय नगरपालिका ।

कथा

# उत्तर आधुनिक प्रेम



**मसान उपासक**

प्रेम आफैँमा सर्वव्यापी छ । यसको बारेमा बोलेर पनि कति बोल्नु ? नबोलेर पनि के गर्नु ? प्रेम प्रेम हो । बस ! यति बोलेँ ।

जीवनको उत्तरार्द्धतिर मात्रै प्रेमको परिभाषा जानेँ । पहिले नै प्रेमको विषयमा जान्नुपर्थ्यो । त्यसो गर्न सकिएन । तै पनि मन बेखुस छैन । प्रेम नजानेर के भो त ? आखिर अघिदेखि नै प्रेममा फसेको रहेछु । प्रेम आखिर के हो ? जीवन कि मृत्यु ?

साइवर युगको मान्छे हुनुको नाताले प्रेम पनि आखिर त्यसरी नै सम्भव छ । म कोठामा कम्प्युटरको अगाडि छु । इन्टरनेटमा च्याट गर्दैछु । उनीसँग विवाह भएको पनि थुप्रै वर्ष भयो । अझैसम्म भेटघाट छैन । दुवै व्यस्त छौँ । यतिखेर उनी विराटनगर बस्छिन् म काठमाडौँ बस्छु । के यो सम्भव छ ? तपाईंलाई लाग्ला । तर हाम्रो जीवन अहिलेसम्म यसरी नै चलिरहेको छ ।

च्याट गर्दै जाँदा प्रेम सम्बन्ध स्थापित भो । त्यही सम्बन्ध निरन्तर छ । मैले उनका बारेमा सोधेका प्रशस्त प्रश्नको उत्तर सरल पाएँ । झुट छ कि सही म जान्दिनँ । त्यही सरलता मन पऱ्यो र प्रेम प्रस्ताव राखेँ । उनले स्विकारिन्, त्यही प्रेम निरन्तर छ ।

एक साँझ उनको कोठाको सम्पूर्ण दृश्य देखाइन् । स्लिपिङ बेड, सोफा, कृत्रिम फूलहरू, कम्प्युटर र वरिपरी सजाइएको ठूला-ठूला प्रेममा रहेका उनको तस्वीरहरू । हेर्दाहेर्दै एउटा रोबोट आयो र चिया राखेर गयो । उनी बोलिन्- 'इतिहास हेर्ने हो भने नेपालमा यस्तो कुराको कल्पना सम्भव थिएन । तर, विज्ञानले यति फड्को माऱ्यो कि हामी एउटै कोठामा बसेर पनि संसारको अध्ययन गर्न सक्छौँ र त्यसको प्रमाण लिन सक्छौँ ।'

मैले समय थोरै भएको जानकारी गराएँ । उनले लाइन डिस्कनेक्ट गरिन् ।

हाम्रो आफ्नै छुट्टै कथा छ । उनी गर्भधारण गर्न मान्दिनन् । मैले पनि इतिहासको अध्ययनबाट थाहा पाएँ कि महिलाहरू गर्भधारण गर्न सक्छन् । तर, अचेल त्यो कसरी सम्भव छ ? जब कि सबै पुरुषहरू वीर्य बेच्छन् र टेस्टट्युब बेबीहरू जन्मन्छन् । कुन पुरुषहरूलाई थाहा छ कि आफ्नो वीर्य कुन बच्चामा परेको छ ? यदि यस्तो भएको, थुप्रै भएको हो भने अब कुन महिला नौ-नौ महिनासम्म गर्भधारण गरेर बच्चा जन्माउन चाहन्छे । मैले पनि एउटा बच्चाका लागि स्वीकृति दिएको छु । त्यो बच्चा भर्खर दुई वर्ष पुग्यो । जब कि हामीबीच भेटघाट छैन । प्रेम ! यौन सँगसँगै रहन्छ कि भावना सँगसँगै ? सोचयोग्य छ ।

थाहा छैन, आधुनिक नेपाल कस्तो थियो ? त्यहाँ के हुन्थे ? के हुनुपर्थ्यो ? उत्तरआधुनिक नेपालमा फूलहरू फुल्दैनन्, फुलाइन्छ । सडकहरूमा मान्छेहरू हिँड्दैनन् । कसैसँग कसैको भेटघाट छैन । बोलचाल गर्नेसम्म समय कसैसँग हुँदैन । मोबाइल फोनको प्रयोग केका लागि ? केही काम परे फोन गर्नुस्, त्यहीँ सबै कुरा हुन्छ । जीवनको नयाँ कुरा नेटमा राखिन्छ । त्यही नेटमा आफ्नो व्यक्तिगत विवरण राख्नुस् सबैको विवरण त्यहीँ भेटिन्छ ।

फेरि मान्छेलाई भेटेर किन सोधिरहनु ? समयको बरबादी मात्रै । समयको बरबादी गर्ने मन तपाईंलाई छैन भने व्यर्थमा किन टाउको दुखाउनु ? सोच्दासोच्दै साइन इन गरेछु । नेटमा उनको उपस्थिति पनि मजाको छ । खाना उनैले पठाउँछिन् । खाना खानुअघि पर्दामा भेटिन्छौँ । खाना खान शुरु गर्छौँ । फुच्चे ममीलाई दुःख दिन्छ ।

भन्छ- 'बाबा, हजुरलाई खाना थपौँ ?' समयले निकै फड्को माऱ्यो । खाना त कसरी थप्न सकिन्थ्यो ? तर, प्याकेट सिस्टमले पो सजिलो पारेको छ । उनी खाना बनाएर पठाउँछिन् । त्यसलाई एक हप्तासम्म जस्ताको त्यस्तै राख्न सकिन्छ । त्यो सकिँदासम्म फेरि अर्को खाना आइहाल्छ । जे होस् जीवनको गति रमाइलोसँग चलेको छ ।

मान्छेको मन दाँज्न मिल्छ, नाप्न पनि मिल्छ । त्यसो हो भने अब किन मान्छेलाई भेटिरहनु पऱ्यो ? तै पनि क्षण क्षणमा फेरिइरहने मन सधैँ एक नासको हुँदैन । त्यसलाई पनि नाप्न सके कस्तो मज्जा हुन्थ्यो । मन अब के सोच्छ जान्न पाए, पुग्थ्यो । खाना खाई सकेपछि लाइन छुटाएँ । केही क्षण सुस्ताएँ, फेरि नेटमै झुन्डिन थालेँ । आफ्नो पुर्खाको बारेमा खोज्दै गएँ । लेखिएको थियो-

नाम - सरोज यादव
बुबाको नाम - रबि श्रेष्ठ
हजुरबुबाको नाम - पिताम्बर उपाध्याय

यसरी फरक-फरक थरका कारण म अन्योलमा परेँ । मैले पढेको थिएँ कि नेपाल समावेशी राज्य बन्यो । जातीय आधार यसको पहिलो आधार हुनेछ । त्यसो हो भने पुर्खाको विवरण आमाको नामबाट राखियो कि बुबाको नामबाट राखियो । आखिर बुबा कसरी छुट्याइयो जबकि टेस्ट्युब बेबीका लागि कसको वीर्य लिइयो ? उसको बुबा चाहिँ को त ? रबि श्रेष्ठको बुबा पिताम्बर उपाध्याय नै भएको के ग्यारेन्टी ? जे होस् मैले आफ्नो विवरणबाट यी नामहरू अटाउन सकिनँ ।

इतिहासको अध्ययनबाट मैले थाहा पाएँ कि नेपालमा के आएको थियो ? पहिले महिलाहरूको अवस्थाको बारेमा पनि जानकारी पाएँ । यद्यपि त्यसलाई पत्याउने कसरी ? जब कि त्यति बेला ईश्वर छ भन्ने कुरा नदेखेर नै व्याप्त थियो । के अहिले उति बेलाको नेपाल अवलम्बन गर्न सकिन्छ ? महिलाहरूले गर्भधारण गर्ने, विवाह गरेर एउटै घरमा बस्ने, आफ्नै घरबारी हुने, त्यहीँ खेतीपाती गर्ने, यी सबै कुरालाई कसरी लागू गर्न सकिन्छ ? जब कि मेरो पुर्खा त्यतिखेर को थिए ? मेरो घरबारी कहाँ थियो ? यी सबै कसले बताउन सक्छ ? यदि कसैलाई थाहा छैन भने म आफ्नो सम्पत्ति खोज्न कहाँ जाने ? मैले यो कोठामा कति साल बिताएँ ? मेरो बुबाले कति साल बिताए ? यो घर वास्तविकतामा कसको हो ? के हामी अब शरणार्थी हौ त ? पक्कै होइनौँ । त्यसो हो भने हामी के हौँ त ?

उत्तर छैन । बिना उत्तर समर्थन गर्न पनि सकिन्न । जे होस् म नेटमा छु । त्यही त हो बाँच्ने आधार । नेटमा आफ्नो सबै थोक खोजिन्छ । आफू जोखिएर त्यसबाट काम गर्न थालिन्छ । त्यहीँ कामबाट आउने तलबले बाँचिन्छ । गुजारा यस्तै गरी चलिरहेको छ ।

म जीवनमा त्यही अवलम्बन गरिरहेको छु । 'देश अनुसारको भेष भने झैँ' म त्यसैगरी बाँचिरहेको छु । यो समय विचित्रको छ, आफैँमा एउटा चलचित्र जस्तो अनौठो देखिन्छ । चन्द्रमामा हनिमुन मनाउन गइन्छ । मङ्गल ग्रह हाम्रै पहुँचमा छ । सूर्यलाई नदेखेर पनि बाँचेका छौँ । सूर्यको के अस्तित्व छ ? जब कि ओजोन तह पहिले नै प्वाल परिसकेको रहेछ । के यो आजसम्म बाँकी छ ? बाहिर हिँड्दा छालाजन्य रोग लाग्छ । त्यसैले मान्छेहरू घाम छेकेर दौडिन्छन् ।

यतिखेर हाम्रो इतिहास हेर्दैछु । त्यो हेर्दाहेर्दै अनौठो र आश्चर्यपूर्ण लाग्छ । मेरी श्रीमतीलाई यो कुरा बताउन मन लाग्छ । फोन गर्छु । भन्छे- 'शृङ्गार गर्दैछु ।'

मैले विगतको हाम्रो देशको बारेमा बताएर अनुरोध गरेँ- 'के हामी यसलाई अवलम्बन गर्न सक्दैनौ ?'

ऊ खिल्ली उडाउँछे । उल्टै बौलाहा भयौ भन्छे । मैले इतिहास सम्बन्धी त्यो फाइल पठाउँछु र भन्छु पूरा पढेपछि भेट है ।

त्यो साँझ खाना खाने बेलामा हाम्रो भेट भएन । उनले लाइन डिस्कनेक्ट गरिछिन् । त्यसको दोस्रो दिन हाम्रो भेट भयो । उनले फोन उठाइन् । उनले उक्त प्रस्तावमा सहमत हुन नसक्ने जानकारी गराइन् । आखिर विवाद यहीँबाट शुरु भयो । उनले उनको हठ त्यागिनन् र मैले मेरो हठ छाडिनँ ।

च्याटमा टहल्ने क्रमसँगै मेरो दिन पनि परिवर्तित हुँदैछ । आधुनिकतामा फर्कन उनी मान्दै मान्दिनन् । धेरै पटक सम्झाउँदा पनि उनले मानिनन् । मैले हाम्रो सम्बन्ध छुटेको जानकारी दिएँ । आखिर हामी बिचको नाता यतिकैमा छुट्यो ।

आधुनिकताको लामो बहसपछि साथी सलिना त्यसको निम्ति तयार हुन्छिन् । मैले अन्त्यमा उसैलाई अपनाउँछु । थाहा छैन, समयले कसरी अगाडी बढाउँछ ।

जसलाई मैले श्रीमती बनाएँ । उनी मेरो साथमा छैनन् ।

म मेरो भन्दै छु- ऊ पनि मेरो होइन । उसले कसको वीर्यदानबाट जन्म पायो ? त्यसको बारेमा कसले बोल्ने ? तै पनि म आफैँ त्यसैगरी जन्मिएँ र मेरो विवरण विचित्रको छ । सलिना पनि त्यस्तै हो । अचेल हामी सँगै बस्छौँ र स्वस्थ गर्भाधानपश्चात जन्मिएको बच्चालाई हुर्काउने निर्णयमा पुगेका छौँ ।

सोच्दासोच्दै रोबोट चिया राखेर जान्छ । सलिना अङ्गालिन आउँछे ।

कविता

# चल्नै पर्छ पानी !



**बिन्दु अधिकारी**

नयाँ युगको नयाँ नेपालमा, नयाँ-नयाँ छ बिहानी
हातमा हात साथमा साथ, मिलेर भनौं हामी
चल्दा श्रम चल्दा सिप, चल्नै पर्छ पानी
चल्दा श्रम चल्दा सिप, चल्नै पर्छ पानी

रगतमा भेद देखायो कसले ? मुटुमा छेद लगायो कसले ?
प्रकृतिका हामी समान फूल, उच र निच छुट्यायो कसले
भाइ-भाइमा भेदभाव मिटाइ सारा निशानी
हातमा हात साथमा साथ मिलेर भनौं हामी
चल्दा श्रम चल्दा सिप, चल्नै पर्छ पानी

आँखामा हेर आँशु छ उस्तै, ओठमा हेर हाँसो छ उस्तै
शरीर उस्तै, भावना उस्तै, रगत छ रातो नसामा उस्तै
भुलेर सारा भएका गल्ती, आजसम्म जानी नजानी
हातमा हात साथमा साथ, मिलेर भनौं हामी
चल्दा श्रम चल्दा सिप, चल्नै पर्छ पानी

सुख र दुःख बाढौला सङ्गै, देशको निम्ति लडौंला हामी
नेपाल आमा काँधमा बोकी, प्रगतीपथमा बडौला हामी
सगरमाथा शिरमा राखौं, बनाउँला माटो कै सिरानी
मानवता र राष्ट्रियता नै देशको मुलमन्त्र ठानी
हातमा हात साथमा साथ, मिलेर भनौं हामी
चल्दा श्रम चल्दा सिप चल्नै पर्छ पानी
चल्दा श्रम चल्दा सिप चल्नै पर्छ पानी ।

# विद्यालयमा राजनीतिक कार्यक्रम निषेध




**फिक्कल, जेठ २५।** इलामको चुलाचुली गाउँपालिकाले शिक्षकलाई राजनीतिमा पूर्ण प्रतिबन्ध लगाएको छ।

गाउँ कार्यपालिकाको बैठकले उक्त निर्णय गरेको हो। गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङका अनुसार शिक्षकहरू आ-आफ्ना पेसागत सङ्घ-सङ्गठनमा आबद्ध भएतापनि कुनै राजनीतिक दलको सदस्यता लिन, त्यसका निम्ति भोट माग्न र प्रचार-प्रसारमा प्रतिबन्ध लगाइएको छ।

शिक्षकहरूले निर्णय उल्लङ्घन गरेको पाइएमा सङ्घीय शिक्षा ऐन, २०२८ को दफा १६ (ङ)को उपदफा ५ (छ) बमोजिम कारवाही गर्ने निर्णय भएको अध्यक्ष केरुङले बताए।

**विद्यालय हाताभित्र राजनीतिक कार्यक्रममा रोक**

यसैबीच चुलाचुली गाउँपालिकाले विद्यालय हाताभित्र राजनीतिक गतिविधि तथा कार्यक्रम पनि आयोजना गर्न नपाइने गरी प्रतिबन्ध लगाएको छ। 'गाउँपालिकाभित्रका कुनै पनि शैक्षिक संस्थामा राजनीतिक दल र भातृ संस्थाका कार्यक्रम गर्न नपाउने व्यवस्था गरिएको छ' अध्यक्ष केरुङले भने- 'यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ।'

चुलाचुलीमा आठवटा माध्यमिक विद्यालय, १३ आधारभूत विद्यालय, दुई सामुदायिक सिकाइ केन्द्र र १६ वटा बाल विकास केन्द्र छन्। त्यहाँ पाँच हजार बढी विद्यार्थी अध्ययनरत् छन्। चुलाचुलीले शैक्षिक गुणस्तर सुधारका लागि सबै सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा र अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्दै आएको छ।

चुलाचुलीले अङ्ग्रेजी माध्यमका लागि २५ जना शिक्षक दरबन्दी खडा गरी अनुदान दिँदै आएको छ। तीन तहका विद्यार्थीलाई गाउँपालिकाले निःशुल्क पाठ्यपुस्तक र पाठ्यसामग्री उपलब्ध गराउँदै आएको छ। स्थानीय भाषाको प्रवर्द्धनका लागि चुलाचुलीले 'मातृभाषा शिक्षा' समेत लागू गरेको छ।

चुलाचुली-१ को जनता मावि, फाल्गुनन्द बहुभाषिक लफाङ पाठशाला, शिवज्योति आवि र चुलाचुली-४ किराँत चोलुङ आविमा 'लिम्बू भाषा' पठनपाठन गर्दै आएको छ। 'मातृभाषा शिक्षा'का लागि गाउँपालिकाले एक-एक जना भाषा शिक्षक अनुदान उपलब्ध गराएको छ।



**सडकको दुरावस्था** : इनरुवा–सत्तेरझोरा–विराटनगर सडकको दुहवी–१२ स्थित बुग्डरी खण्डको खाल्डाखुल्डीमा जमेको पानी। समयमा सडक मर्मतसम्भार नहुँदा वर्षाका बेला पानी जमेको खाल्डाखुल्डीमा दुर्घटना हुने सम्भावना बढेको छ। ***तस्वीर : रासस***

# १५ वटा सामुदायिक वनमा 'रिचार्ज' पोखरी



**खोटाङ, जेठ २५।** पानीको मुहान संरक्षण गर्न खोटाङका विभिन्न १५ सामुदायिक वनमा धमाधम 'रिचार्ज' पोखरी निर्माण हुँदैछन्।

जलवायु परिवर्तनका असरले मुहान सुक्न थालेपछि संरक्षण गर्न जिल्ला डिभिजन वन कार्यालयले १५ वटा सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण शुरु गरेको हो।

हलेसी तुवाचुङ नगरपालिकाका चार, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र केपिलासगढी गाउँपालिकाका दुई-दुई, जन्तेढुङ्गा गाउँपालिकाका तीन तथा रावाबेँसी गाउँपालिका र ऐसेलुखर्क गाउँपालिकाका तीनवटा सामुदायिक वनमा रिचार्ज पोखरी निर्माणको थालिएको डिभिजन प्रमुख पशुपति दाहालले बताए।

'मुहानको शिरमा वर्षाको पानी जमाउने र जमिनलाई रिचार्ज गरेर मुहान सुक्नबाट जोगाउन रिचार्ज पोखरी उपयोगी हुन्छ। वर्षाको पानीबाट हुने जमिन कटान रोकथाम गर्दै मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माणको काम शुरु गरिएको हो' -उनले भने- 'रिचार्ज पोखरी निर्माणका लागि जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना (डिसिआरएल)ले सहकार्य गरेको छ। निर्माणाधीन रिचार्ज पोखरी आगामी असार मसान्तभित्र सम्पन्न हुन्छ।'

जिल्लाका विभिन्न सामुदायिक वनमा निर्माण गरिने १५ वटा रिचार्ज पोखरीमध्ये केही ठाउँमा निर्माण सम्पन्न भइसकेका छन् भने केही ठाउँमा धमाधम निर्माण भइरहेका छन्। जिल्लामा निर्माण गरिने १५ वटा रिचार्ज पोखरी मध्ये पाँचवटा डिभिजन वन कार्यालय तथा दशवटा जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना (डिसिआरएल)को सहकार्यमा निर्माण हुनेछन्।

डिभिजन वन कार्यालयले निर्माण गर्ने रिचार्ज पोखरीका लागि प्रतिपोखरी रु. दुई लाख ५० हजार तथा डिसिआरएलले निर्माण गर्ने पोखरीका लागि रु. दुई लाख ३५ हजार बजेट विनियोजन भएको छ। रिचार्ज पोखरीले मुहान संरक्षण हुनुका साथै मुहानमा पानीको मात्रा बढ्नेमा आफूहरु विश्वस्त रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीस्थित डाँडाखर्क-खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष हर्कराज राईले बताए।

डिभिजन वन कार्यालयले यसअघि पनि जिल्लाका विभिन्न सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण गरेको थियो। पोखरी निर्माणले पर्यायवरण संरक्षणमा सहयोग पुग्ने सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य राजेन्द्र राईले बताए।

यसैबीच डिभिजन वन कार्यालय खोटाङले यस वर्ष विभिन्न प्रजातिका ८० हजार बिरुवा गाउँलेलाई वितरण गर्ने तयारी गरेको छ। कार्यालयको हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत डालेघाँस, धुपी सल्ला, तेजपत्ता, जाकाराण्डा लगायत विभिन्न प्रजातिका फलफूल तथा वनस्पतिका बिरुवा उत्पादन गरेर वितरण हुन लागेको हो।

हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीस्थित भाँडबेँसीमा ४० हजार खयरका बिरुवा उत्पादन गरिएको छ। प्रतिगोटा रु. १० का दरले सामुदायिक वन उपभोक्ता समितिलाई भुक्तानी दिनेगरी खयरका बिरुवा उत्पादन गर्न लगाइएको डिभिजन प्रमुख दाहालले जानकारी दिए। डिभिजन वन कार्यालय खोटाङ तथा सामुदायिक वन उपभोक्ता समितिले उत्पादन गरेका बिरुवा यसै वर्ष वितरण गरिने जनाइएको छ। उत्पादित बिरुवा सामुदायिक वन उपभोक्ता समितिलाई निःशुल्क उपलब्ध गराइने छ।

# वीरता जेसीजद्वारा फुटबल प्रदान



**बिर्तामोड, जेठ २५।** वीरता जेसीजले खेल क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सैनिक युथ क्लबलाई आठ थान फुटबल प्रदान गरेको छ।

विभिन्न सामाजिक कार्यमा सक्रिय रहेको वीरता जेसीजले खेल क्षेत्रको विकास र विस्तारका लागि खेलाडीहरुलाई हौसला प्रदान गर्ने उद्देश्यले बिर्तामोड-१० स्थित खेल मैदानमा पुगेर सैनिक युथ क्लवलाई फुटबल हस्तान्तरण गरेको हो।

वीरता जेसीजका अध्यक्ष विकास बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष सजेश शिवाकोटी, पूर्व राष्ट्रिय प्रशिक्षक प्रवेश कटुवाल, वडा सदस्य पृथ्वीबहादुर बस्नेत, नगर खेलकुद समितिका सदस्य सन्तोष गुरुङ, सैनिक युथ क्लवका कोषाध्यक्ष प्रभात मुखिया, झापा जिल्ला हक्की संघका अध्यक्ष मनोज बुढाथोकी लगायतको सहभागिता रहेको थियो।

वीरता जेसीजले बिर्तामोडमा रहेका फुटबल क्लवहरुलाई सहयोग गर्ने उद्देश्यले खेलकुद सामग्री प्रदान गरिएको वीरता जेसीजका महासचिव सुमन पोद्दारले जानकारी दिए।

# प्रविधि हस्तान्तरण

**बिर्तामोड, जेठ २५।** बिर्तामोड नगरपालिकाले वडा नम्बर ९ स्थित डाँडागाउँमा रहेको कोशेली अचार उद्योगलाई प्रविधि हस्तान्तरण गरेको छ।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नगरपालिकाले अचार हाल्ने ड्रम र तौल लिने मेसिन हस्तान्तरण गरेको हो।

उक्त सामग्री नगर प्रमुख पवित्रा महतारा प्रसाईले उद्योगका अध्यक्ष शान्ता रिजाल लगायतलाई हस्तान्तरण गरिन्। तीन सय लिटर क्षमताका पाँच वटा र पाँच सय लिटर क्षमताका दुई वटा गरी सात वटा प्लाष्टिकका ड्रम र एक थान तौल मेसिन हस्तान्तरण गरिएको हो।



कार्यक्रममा नगर प्रमुख प्रसाईले उद्यमी महिलाहरुले सञ्चालन गरेको यस उद्योगलाई थप व्यवसायिक बन्नका लागि प्रेरित गर्दै सामग्री हस्तान्तरण गरेको बताइन्।

कोशेली अचार उद्योग स्थानीय छ जना महिलाहरुले सञ्चालन गर्दै आएका छन्। यस उद्योगमा आँप, कागती, अकबरे खुर्सानी, अचार पेष्ट लगायत उत्पादन हुँदै आएको छ।

कार्यक्रममा शिक्षा शाखाका प्रमुख उपसचिव तिलचन भण्डारी, कार्यपालिका सदस्य संगीता सिवा लगायत महिला उद्यमीहरुको सहभागिता रहेको थियो। नगरपालिकाले यसअघि जेठ १६ गते मात्रै यही कार्यक्रम अन्तर्गत १५ जना महिलाहरुलाई सिलाई मेसिन हस्तान्तरण गरेको थियो।


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
**अर्जुनधारा नपा- ४, झापा**

## बिमालेख हरायो

बिर्तामोडबाट धुलाबारी जाने क्रममा यही मिति २०८१/०१/०५ गते मेरो निम्न व्यहोराको एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- कुसुम ढुङ्गेल
**ठेगाना**:- बिर्तामोड-६, झापा
**पोलेसी नं.**:- ५९०९०००२४७७
**कम्पनी नाम**: एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।**

## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२**


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
| --- | --- | --- | --- | --- |
| दिनेशकुमार दास हलुवाई | कोरोबारी-५ | २६३ | १-५-५ | चुनु सतार |
| दिनेशकुमार दास हलुवाई | कोरोबारी-५ | २६२ | ०-६-४ | सोमाइ सतार |
| दिनेशकुमार दास हलुवाई | कोरोबारी-५ | २५८ | ०-४-१८ | नकुल सतार/नकुल तुरी |
| पन्द्रसिंह राजवंशी | ज्यामिरगडी-४ | ४ | ०-१०-० | बाबुराम राजवंशी |
| सूर्यनारायण राजवंशी | कोरोबारी-२ | ११०<br>११३<br>१३५ | ०-३-८<br>०-५-८<br>१-२-६ | ढेना मुर्मु/देना राजवंशी |
| दिपक वा. कुवाँर क्षेत्री | गौरीगञ्ज-४ | २७३ | ७०१५.०० | सुधीलाल/सुहीलाल गिरी |
| मनमाया गुरुङ्ग | चन्द्रगडी-६ | ३१४३<br>३१४१<br>३१३९ | ०-०-३<br>०-०-९<br>०-०-१८ | सुरु राजवंशी |
| इसकलाल राजवंशी | पथरिया-९ | ७६४<br>७६७ | ४२०.००<br>६५५.०० | मनिलाल राजवंशी |
| दिपककुमार राजवंशी | बालुवाडी-२ | १२८ | १०१५८.९० | मुनसी सतार |
| राजेन्द्र अधिकारी | शिवगञ्ज-९ | ६७८ | ०-१६-० | दलवा कुसवार/शन्त वा कुसर |
| बसुन्धरा पौडेल | बाहुनडाँगी-८ हाल मेनपा-१ | ३५५७ | ०-६-६ | कर्णबहादुर पौडेल/चन्द्रबहादुर पौडेल |


**नेपालीहरुको लागि भरपर्दो सेवा**
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त–** ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।***
**Youtube Channel : Nishat M jotic kendra**




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आज बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ती होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, तपाईको आज प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।